# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, वैशाख २४ गते २०२३ साल [ अतिरिक्ताङ्क ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरवारको

विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट सबै किसिमको मान, पदवीको प्रथम श्रेणीको मिनियचरको बदला अर्को नयाँ मिनियचरको व्यवस्था गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम

सरदार हंशमान सिंह

श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरवारको

विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट मिति ०२२–२–२७–४ मा नेपाल पुलिसफोर्सको लागि स्वीकृत गरिबक्सेको देहायका पदकहरूको सट्टा देहायबमोजिम पदकहरू मिति ०२३–१– १४–३– मा स्वीकृत गरिबक्सेको छ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| साविकको पदक | हालको पदक |
|---|---|
| १. महेन्द्रप्रहरी पदक | महेन्द्रप्रहरी अलङ्कार |
| २. प्रहरिरत्न पदक | प्रहरिरत्न अलङ्कार |
| ३. प्रहरी दीर्घ सेवा पदक | प्रहरी दीर्घसेवा पट्ट पदक |

हुकुम बक्सेबमोजिम
सरदार हंशमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट "रोजेट" (तारिका) को व्यवस्था ०२३–१–१४–३ मा गरिबक्सेको छ ।

साथै रोजेट (तारिका) विषय देहायमा लेखिएको नियम व्यवस्था गरिबक्सेको सर्वसाधारणको जानकारीनिमित्त प्रकाशित गरिएको छः–

१. प्रथम श्रेणीको मान, पदवी पाउने व्यक्तिले रोजेट (तारिका) पनि लगाउन सक्नेछ ।
२. पाएको मान, पदवीहरू लगाएको बखतमा पनि एउटा रोजेट (तारिका) लगाउन सक्ने छ ।
३. कोटको देब्रेपट्टी फूल घुसार्ने ठाउँमा रोजेट (तारिका) लगाइने छ ।
४. रोजेट (तारिका) लगाइआएका व्यक्तिले आफ्नो परिचय दिएमा परिस्थिति अनुसार मर्यादापूर्ण व्यवहार गरिने छ ।
५. "रोजेट" (तारिका) घरेलु उद्योग विभागबाट तयार भई बिक्री गरिने व्यवस्था गरिएको छ ।

हुकुम बक्सेबमोजिम
सरदार हंशमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार